# वर्णविन्यास वक्रता र राजेश्वरी खण्डकाव्यमा त्यसको प्रयोग

*डी.पी. भट्टराई, पिएच.डी* *

***Article History:*** *Received 10 Oct. 2021; Reviewed 23 Nov. 2021; Revised 5 Dec. 2021; Accepted 9 Jan. 2022.*


## *लेखसार*

*प्रस्तुत अध्ययनमा वर्णविन्यास वक्रताका मापदण्डका आधारमा कवि माधवप्रसाद घिमिरेद्वारा रचित 'राजेश्वरी' खण्डकाव्यको विश्लेषण गरिएको छ । वर्णविन्यास वक्रता कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तका छ भेदमध्ये प्रथम भेद हो । वर्णविन्यास वक्रता काव्यका आधारभूत अवयव वर्णहरूको आवृत्तिबाट उत्पन्न लय सौन्दर्यसँग सम्बन्धित रहेको छ । यसका पनि एक वर्णविन्यास वक्रता, द्वि वर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तियोगीस्पर्श, तलनादि, रकारादि र यमकाभास गरी सात भेद रहेका छन् । यहाँ यिनै सात भेदका आधारमा 'राजेश्वरी' खण्डकाव्यमा पाइने वर्णविन्यास वक्रताको विश्लेषण गरी निष्कर्ष दिने कार्य भएको छ ।*


***शब्दकुञ्जी :*** *वक्रोक्ति, आवृत्ति, गुण, लय*

## विषय परिचय

वक्रोक्ति सिद्धान्तका प्रतिपादक पूर्वीय साहित्यशास्त्रका प्रकाण्ड विद्वान् आचार्य कुन्तक हुन् र उनको काव्यग्रन्थ 'वक्रोक्तिजीवितम्' हो । उनका अनुसार शब्द र अर्थ अलङ्कार्य हुन् र तिनलाई अलङ्कृत गर्ने तत्त्व वक्रोक्ति हो । वक्रोक्ति भनेको प्रसिद्ध कथनभन्दा भिन्न विदग्धतापूर्ण सुन्दर कथन हो (कुन्तक, सन् १९९५ : ५१-५२) । वक्रोक्ति सिद्धान्तका अनुसार यसका मुख्य छ भेद रहेका छन् र ती हुन् : वर्णविन्यास वक्रता, पद पूर्वाद्ध वक्रता, पदपरार्धवक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रबन्ध वक्रता । यी भेद साहित्यिक कृतिमा रहने लघुतम अवयव वर्णदेखि बृहत्तम प्रबन्धात्मक रूपको सौन्दर्य पक्षसँग सम्बन्धित रहेका छन् । यस अध्ययनमा कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तको पहिलो भेद वर्णविन्यास वक्रताका आधारमा माधवप्रसाद घिमिरेको ऐतिहासिक विषयवस्तुमा आधारित 'राजेश्वरी' खण्डकाव्यको विश्लेषण गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनको मुख्य सामग्री 'राजेश्वरी' खण्डकाव्य हो । वक्रोक्ति सिद्धान्तको प्रथम भेद वर्णविन्यास वक्रताका आधारमा उक्त खण्डकाव्यको अध्ययन गरी लेखका लागि आवश्यक पर्ने सामग्रीको सङ्कलन गरिएको छ । त्यसै गरी वर्णविन्यास वक्रतासँग सम्बद्ध मान्यताबाट निर्दिष्ट भई विश्लेषणका लागि आवश्यक सैद्धान्तिक सामग्री कुन्तकको काव्यग्रन्थ 'वक्रोक्तिजीवितम्' बाट लिइएको हो । प्रस्तुत लेखमा वर्णविन्यास वक्रताका प्रत्येक प्रकारको पुष्टि गर्ने खालका खास खास उद्धरणहरू प्रस्तुत खण्डकाव्यबाट लिइएका हुन् र तिनको विश्लेषणद्वारा 'राजेश्वरी' खण्डकाव्यमा भेटिने वर्णविन्यास वक्रताको वैशिष्ट्य पहिल्याउने कार्य गरिएको छ । खण्डकाव्यबाट लिइएका सामग्रीको विश्लेषण गर्दा सम्बन्धित शीर्षक अन्तर्गत नै पहिलो सिद्धान्त, त्यसपछि सिद्धान्तसँग सम्बन्धित उदाहरणहरू दिई अन्त्यमा तिनको व्याख्या

* सह-प्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

एवम् विश्लेषण गर्ने विधिको अवलम्बन गरिएको छ । यसमा प्रस्तुत लेखसँग सम्बद्ध पुस्तकालयमा उपलब्ध अन्य द्वितीयक सामग्रीको पनि उपयोग गरिएको छ ।

## सैद्धान्तिक परिचय

वर्णविन्यास वक्रता कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तका छ भेदमध्ये प्रथम भेद हो । उनले वर्णलाई काव्यको आधारभूत तह मान्दै प्रथम भेदका रूपमा वर्णविन्यास वक्रतालाई प्रस्तुत गरेका छन् । कुन्तकका अनुसार वर्णहरूको विन्यासमा आधारित वक्रता नै वर्णविन्यास वक्रता हो (कुन्तक, सन् १९९५ : ६५) । उनले यसलाई अझ स्पष्ट पार्दै कुनै रचनामा एक, दुई वा धेरै वर्णहरूको सानो अन्तरालमा पुनरावृत्ति हुँदा उत्पन्न हुने चमत्कार नै वर्णविन्यास वक्रता हो (१६९) भनेका छन् । उनले वर्ण शब्द व्यञ्जनको पर्यायका रूपमा प्रयोग हुने कुरा उल्लेख गर्दै पूर्ववर्ती आचार्यहरूद्वारा प्रतिपादित अनुप्रास आदि शब्दालङ्कार वृत्ति, रीति र गुण पनि वक्रोक्ति अन्तर्गत नै समावेश हुने कुरा बताएका छन् । वर्णविन्यास वक्रताको प्रयोगबाट काव्यमा लयसौन्दर्य, श्रुतिमाधुर्य, माधुर्यादि गुण, नाद सौन्दर्य उत्पन्न भई भावानुकूलता तथा रसपरिपुष्टता समेत सृजना हुन्छ ।

## कुन्तकले वर्णविन्यास वक्रता सृजनाका लागि निम्नलिखित विषयमाथि सचेत रहनुपर्ने भनी औंल्याएका छन् (कुन्तक १८४) :

(क) वर्ण योजना विषयानुकँल एवम् औचित्यादि गुणले युक्त हुनुपर्ने,

(ख) वर्णविन्यास वक्रता अत्यन्त आग्रहपँर्वक असुन्दर वर्णद्वारा संरचित नभई विनाआग्रह सुन्दर वर्णहरूद्वारा सुशोभित हुनुपर्ने,

(ग) पूर्व आवृत्त वर्णलाई छाडी नवीन वर्णहरू (पहिले दोहोरिएका भन्दा भिन्न वर्ण) को आवृत्तिद्वारा वैचित्र्य सृजना गर्नुपर्ने,

(घ) यमकादि वर्ण योजनाका लागि प्रसाद गुण हुनुपर्ने,

(ङ) भावानुकूल श्रुतिपेशलता अर्थात् श्रुतिसुखद हुनुपर्ने,

(च) वर्णको सौन्दर्य अनुसार माधुर्य आदि गुण, सुकुमार आदि मार्गको अनुसरणका साथै बैचित्रय हुनुपर्ने ।

यस प्रकार वर्णहरूको विन्यास विषयानुकूल, औचित्यपूर्ण एवम् श्रुतिमधुर हुनुपर्ने औंल्याइएको पाइन्छ ।

कुन्तकले वर्णविन्यास वक्रता सङ्ख्याका आधारमा एक वर्णको आवृत्ति, दुई वर्णको आवृत्ति र बहुवर्णको आवृत्ति हुने गरी तीन प्रकारको हुने कुराको उल्लेख गरेका छन् (कुन्तक, १९९५ : १६९) । यसलाई पनि व्यवधान हुने र नहुने भनी छुट्याएका छन् (१७९) । त्यसै गरी पुनः वर्णहरूको स्वरूपका आधारमा वर्गान्तयोगीस्पर्श, तलनादि द्वित्व र शिष्टाचारादि संयुक्ता भनी तीन प्रकारमा छुट्याएका छन् । त्यस्तै भिन्न अर्थ भएका समान वर्णयुक्त नियत स्थानमा सुशोभित हुने यमक अलङ्कारलाई वर्णविन्यास वक्रताकै एक भेदका रूपमा उल्लेख गरेका छन् (१८९) । उनले व्यञ्जन वर्णको आवृत्तिमा स्वरवर्णको वैषम्यले वक्रता सृजनामा अवरोध नहुने कुराको चर्चा गरेका छन् ।

कुन्तकद्वारा प्रतिपादित वर्णविन्यास वक्रताका उपर्युल्लिखित भेदलाई निम्नानुसार प्रस्तुत गरी तिनैका आधारमा 'राजेश्वरी' खण्डकाव्यमा अन्तर्निहित वर्णविन्यास वक्रताको अध्ययन गरिएको छ ।

## 'राजेश्वरी' खण्डकाव्यमा वर्णविन्यास वक्रता

नेपाली साहित्यका राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा रचित 'राजेश्वरी' खण्डकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यस काव्यको रचना एवम् प्रकाशन २०१७ सालमा रोयल नेपाल एकेडेमीबाट भएको हो । यस काव्यकी नायिका राजेश्वरी तत्कालीन श्री ५ रणबहादुर शाहकी जेठी रानी तथा गीर्वाणकी धर्मआमा हुन् । राजपरिवारबाट उपेक्षित, सन्तानहीना र उदार हृदय भएकी राजेश्वरी दरबारिया षड्यन्त्रबाट हेलम्बूमा निर्वासित जीवन बिताउन बाध्य र पच्चिसै वर्षको उमेरमा सती जान विवश नारी चरित्र हुन् । उनकै जीवनका मार्मिक व्यथा र पीडालाई कविले यस काव्यमा चित्रण गरेका छन् । कुन्तकद्वारा प्रतिपादित वर्णविन्यास वक्रताका उपर्युल्लिखित भेदलाई निम्नानुसार प्रस्तुत गरी तिनैका आधारमा 'राजेश्वरी' खण्डकाव्यमा अन्तर्निहित वर्णविन्यास वक्रताको प्रयोग के कस्तो रूपमा पाइन्छ भनी अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## 'राजेश्वरी' खण्डकाव्यमा एक वर्णविन्यास वक्रता

कुनै एक वर्णको आवृत्तिबाट उत्पन्न हुने लय सौन्दर्यलाई एक वर्णविन्यास वक्रता भनिन्छ । कुनै वर्ण स्वल्पान्तरमा आवृत्त हुन्छ भने कुनै उही क्रममा लगत्तै आवृत्त हुन्छ (कुन्तक, सन् १९९५, पृ. १६९) । 'राजेश्वरी' खण्डकाव्यमा उपर्युक्त वक्रताको भेदको प्रयोग सहज रूपमा पाउन सकिन्छ :

उदाहरण-१

> पैलो याम पहाडमाथि कुटिया पैलाउँदैमा गयो ।
>
> दोस्रो याम बसेर वास पिँढिमा बोलाउँदैमा गयो (घिमिरे, २०७४ : १) ।

उदाहरण-२

> पापी जीवनको निमित्त जति नै गर्छ्यौं यहाँ कोशिश
>
> भासिन्छ्यौ अमरत्वबाट त्यति नै हे मर्त्यकी मानिस । (घिमिरे, २०७४ : ३१)

उपर्युक्त उदाहरणमध्ये उदाहरण १ मा हेलम्बूमा अवस्थित राजेश्वरीको कुटीको चित्रण गरिएको छ । यसको पहिलो पङ्क्तिमा शब्दको आदिमा प वर्ण तीन पटक, शब्दान्तमा म वर्ण दुई पटक र य वर्ण आदि सहित तीन पटक र ल वर्ण बिच र अन्त्यमा गरी दुई पटक आवृत्त भएका छन् । त्यसै गरी दोस्रो पङ्क्तिमा शब्दको आदिमा ब वर्ण दुई पटक, शब्दको अन्त्यमा म वर्ण तीन पटक र द वर्ण र स वर्ण दुई दुई पटक आवृत्त भएका छन् । यहाँ भिन्न भिन्न वर्णहरूको स्वल्पान्तरमा भएको आवृत्तिबाट कवितामा लय सृजना भई रमणीयता र माधुर्य गुण झल्किएको छ । त्यसै गरी दोस्रो उदाहरणको पहिलो पङ्क्तिको पापी शब्दमा प वर्ण र कोशिश शब्दमा श वर्ण व्यवधानरहित उही क्रममा आवृत्त भएका छन् । यिनले कवितामा वर्णविन्यास वक्रताको सृष्टि गरेका छन् ।

## 'राजेश्वरी' खण्डकाव्यमा द्विवर्णविन्यास वक्रता

कुनै दुई वर्ण ससानो अन्तरालमा वा लगत्तै उही क्रममा आवृत्त हुन गई त्यसबाट उत्पन्न हुने सौन्दर्यलाई द्विवर्णविन्यास वक्रता भनिन्छ (कुन्तक, सन् १९९५ : १६९-१७९) । 'राजेश्वरी' खण्डकाव्यबाट छनोट गरिएका द्विवर्णविन्यास वक्रताका उदाहरण यस प्रकार छन् :

उदाहरण-१

बोलेथे जयकार वीरहरूले त्यै वीरताको अगि

डोलेथ्यो अनि खल्बलाई बनमा चित्लाङ खोलो बगी (घिमिरे, २०७४ : १६) ।

उदाहरण-२

त्यहींनेर गङ्गा पल र पल गर्छिन् भुल भुल

भुभुल्की धर्तीको चिर अतलदेखिन् दिल दिल (घिमिरे, २०७४ : ३९) ।

माथिको उदाहरण-१ मा राजेश्वरीको वीरताको वर्णनको प्रसङ्ग छ । यसको पहिलो पङ्क्तिमा 'वीर' शब्दको सानो अन्तरालमा आवृत्ति भएको छ । यसमा आवृत्त भएका व र र दुई वर्णले लयात्मक झङ्कारको सृष्टि गरेका छन् । त्यसै गरी दोस्रो उदाहरणको 'भुल भुल' मा भ र ल दुई वर्ण, दिल दिलमा द र ल दुई वर्ण उही क्रममा विनाव्यवधान लगत्तै आवृत्त भएका छन् । यी वर्ण पङ्क्तिको अन्त्यमा आवृत्त भई अन्त्यानुप्रासीय लय सौन्दर्यका साथै द्विवर्णविन्यास वक्रताको सृष्टि गर्न सफल भएका छन् ।

## 'राजेश्वरी' खण्डकाव्यमा बहुवर्णविन्यास वक्रता

अनेक वर्णहरूको (दुईभन्दा बढी) आवृत्तिबाट उत्पन्न हुने सौन्दर्यलाई बहुवर्णविन्यास वक्रता भनिन्छ । अनेक वर्णहरू सानो अन्तरालमा आवृत्त हुँदा व्यवधानयुक्त र उही क्रममा लगत्तै आवृत्त हुँदा व्यवधानरहित बहुवर्णविन्यास वक्रता उत्पन्न हुन्छ (कुन्तक, सन् १९९५ : १६९-१७९) । 'राजेश्वरी' खण्डकाव्यबाट छनोट गरिएका बहुवर्णविन्यास वक्रताका उदाहरण यसप्रकार छन् :

उदाहरण-१

धर्तीको शिरमा बिहान रविले सिन्दूर हाल्छन् जहाँ

हा मेरो शिरको सिन्दूर पुछिने सम्चार बोल्छन् त्यहाँ (घिमिरे, २०७४ : ९) ।

उदाहरण-२

हाँसेथ्यो नव कान्ति कान्तिपुरमा हेरेर चन्दागिरी

छाएथ्यो त्यस कीर्तिका लहरले टिष्टा र रावी तरी (घिमिरे, २०७४ : १६) ।

उदाहरण-१ पहिलो पङ्क्तिको 'सिन्दुर' र हाल्छन् अनि दोस्रो पङ्क्तिको सिन्दूर र बोल्छन् शब्दमा क्रमशः स् न् द् र् वर्णहरू र ल् छ् न् वर्णहरू पङ्क्तिको अन्तरालमा आवृत्त भई आन्तरिक लय सौन्दर्य उत्पन्न गरेका छन् । त्यसै गरी दोस्रो उदाहरणको पहिलो पङ्क्तिमा 'कान्ति' शब्द लगत्तै उही क्रममा आवृत्त भएको छ । यसका क् न् त् वर्णहरू उही क्रममा आवृत्त भएका छन् । यसरी यी दुई उदाहरणमा बहुवर्णहरू व्यवधान सहित र व्यवधानरहित आवृत्त भई बहुवर्णविन्यास वक्रताको उत्पत्ति भएको छ ।

## 'राजेश्वरी' खण्डकाव्यमा वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रता

'क' देखि 'म' सम्मका वर्ण स्पर्शी मानिन्छन् । जब स्पर्शी वर्णहरू आफ्नै वर्गको अन्तिम वर्णसँग (ङ, ञ, ण, न, म) संयुक्त भई आवृत्त हुँदा वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रताको सृष्टि हुन्छ (कुन्तक, सन् १९९५ :

१७३-१७६) । नेपालीमा प्रयोग हुने तत्सम शब्दमा यो नियम लागू हुन सक्छ, तर तद्भव र आगन्तुक शब्दमा ञ र ण् वर्ण नहुने भएकाले त्यसमा न् वर्णले नै कार्य गर्ने देखिन्छ । 'राजेश्वरी' खण्डकाव्यबाट छनोट गरिएका वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रताका उदाहरण यसप्रकार छन् :

उदाहरण-१

रच्छन् वीर जुटेर आज बलिया किल्ला कलुङ्गामहाँ

पुर्खाका पदचिह्न छन् अमिट रे प्रत्येक ढुङ्गामहाँ (घिमिरे, २०७४ : २१)

उदाहरण-२

मान्छेका सुख स्नेहबाट बिचमै जो बन्दछन् वञ्चित

हुन्छन् रे तिनलाई दिव्य सुषमा एकान्तमा सञ्चित (घिमिरे, २०७४ : ३७)

उदारहण-३

आएको पनि तीन वर्ष अब यो एकान्तमा भैसक्यो

रानी नै नभएर कान्तिपुरको शोभा सबै गैसक्यो (घिमिरे, २०७४ : २) ।

उपर्युक्त उदाहरणमध्ये उदाहरण एकको 'कुलङ्गा' र 'ढुङ्गा' शब्दमा ग वर्ण आफ्नै वर्गको पञ्चम वर्ण ङ् सँग संयुक्त भई आवृत्त भएको छ । उदाहरण दोस्रोमा 'वञ्चित' र 'सञ्चित' शब्दमा च वर्ण आफ्नै वर्गको ञ वर्णसँग संयुक्त भई आवृत्त भएको छ । उदाहरण तेस्रोमा प्रयुक्त 'एकान्त' र 'कान्तिपुर' शब्दमा त वर्ण आफ्नै वर्गको पञ्चम वर्ण न सँग संयुक्त भई आवृत्त भएको छ । यसबाट मध्यानुप्रास र अन्त्यानुप्रासको सृजनाका साथै लयगत सौन्दर्यको उत्पत्ति भएकाले वर्गान्तयोगीस्पर्श वर्णविन्यास वक्रताको सृष्टि भएको पाइन्छ ।

## खराजेश्वरी' खण्डकाव्यमा तलनादि द्वित्व वर्णविन्यास वक्रता

'त ल न' वर्णहरू द्वित्व रूपमा अर्थात् 'त्त, ल्ल, न्न' का रूपमा आवृत्त हुँदा तलनादि द्वित्व वर्णविन्यास वक्रताको सृष्टि हुन्छ (कुन्तक, सन् १९९५ : १७७) । यी बाहेक अन्य वर्णहरूको द्वित्व भई आवृत्त हुँदा नाद सौन्दर्य सृजना हुने भए पनि तकार, लकार र नकारको द्वित्व भई आवृत्ति हुँदा विशेष प्रकारको चमत्कार उत्पन्न हुन्छ । 'राजेश्वरी' खण्डकाव्यबाट छनोट गरिएका तलनादि द्वित्व वर्णविन्यास वक्रताका उदाहरण यस प्रकार रहेका छन् :

उदारण-१

हेलम्बू गिरिशृङ्ग विश्वभरको सौन्दर्यको देशमा

हिँड्छन् किन्नर-किन्नरीहरू जहाँ मर्त्यको भेषमा (घिमिरे, २०७४ : ३)

उदाहरण-२

सक्छौ गर्न-समग्र ग्राम नगरी उच्छिन्न-विच्छिन्न हे

भोलीदेखि यहाँ रहन्छ कसरी तिम्रै महाचिह्न हे (घिमिरे, २०७४ : ३६)

उदाहरण १ को दोस्रो पङ्क्तिमा प्रयुक्त 'किन्नर र किन्नरी' शब्दमा न वर्णको द्वित्व भई आवृत्ति भएको छ भने उदारहण २ मा 'उच्छिन्न र विच्छिन्न' शब्दमा पनि न वर्णकै द्वित्व भई आवृत्ति भएको छ । यी उदाहरणमा न वर्णको द्वित्व भई आवृत्ति हुँदा माधुर्य गुणका साथै लयात्मक सौन्दर्य सृजना भएकाले तलनादि वर्णविन्यास वक्रताको उत्पत्ति भएको छ ।

## 'राजेश्वरी' खण्डकाव्यमा रकारादि संयुक्त वर्णविन्यास वक्रता

स्पर्श वर्ण तथा तलनादि द्विरुक्त वर्णभन्दा भिन्न शेष व्यञ्जन वर्ण रेफसँग संयुक्त भई आवृत्त हुँदा उत्पन्न हुने चमत्कारलाई रकारादि संयुक्त वर्णविन्यास वक्रता भनिन्छ (कुन्तक, सन् १९९५ : १७७-१७८) । यस अन्तर्गत अन्तस्थ वर्ण (य, र, ल, व) र उष्मवर्ण (श, ष, स, ह) सँग रकार संयुक्त भई वक्रता उत्पन्न हुन्छ । 'राजेश्वरी' खण्काव्यबाट छनोट गरिएको रकारादि वर्णविन्यास वक्रताको उदाहरण यसप्रकार रहेको छ :

हेलम्बू गिरिशृङ्ग विश्वभरको सौन्दर्यको देशमा

हिँड्छन् किन्नर-किन्नरीहरू जहाँ यै मर्त्यको भेषमा (घिमिरे, २०७४ : ३) ।

माथि दिइएको उदाहरणमा प्रयुक्त 'शृङ्ग, सौन्दर्य, मर्त्य' शब्दमध्ये शृङ्गमा श वर्णसँग, सौन्दर्य र मर्त्यमा य वर्णसँग रेफ (रकार) संयुक्त भई आवृत्त भएको हुँदा रकारादि संयुक्त वर्णविन्यास वक्रता सृजना भएको छ ।

## 'राजेश्वरी' खण्डकाव्यमा यमक वा यमकाभास वर्णविन्यास वक्रता

समान वर्ण भएका तर भिन्न अर्थ बुझाउने प्रसाद गुणयुक्त, श्रुतिमधुर, औचित्यपूर्ण एवम् निश्चित स्थानमा शोभित हुने यमकको प्रकार पनि वर्णविन्यास वक्रताकै एउटा भेद हो (कुन्तक, सन् १९९५ : १८९-१९१) । त्यस्तै भिन्नार्थक वर्णयोजना सर्वथा समान नभई थोरै भिन्न अर्थात् स्वरवर्णमा वैषम्य हुँदा पनि यमकको आभास हुने भएकाले त्यसलाई यमकाभास वक्रताको संज्ञा दिइएको छ । यहाँ 'राजेश्वरी' खण्डकाव्यबाट छनोट गरिएका यमकाभास वर्णविन्यास वक्रताका उदाहरण यसप्रकार रहेका छन् :

उदाहरण-१

कल्ले रोक्न मलाई सक्छ म जसै सन्कन्छु आँधीसरी

रानी निर्भय नित्य वीर-रमणी हुँ राजराजेश्वरी (९/४)

उदाहरण-२

रानी ! तर्क-वितर्क छोड, मनको सम्पूर्ण आवेश यो

छोडी जानु छ आज नै यदि भने के मोह यो देशको (१२/१)

उदाहरण-३

आमा ! फेरि कथा म सुन्छु - पुरुखा कस्ता थिए पौरखी

नाघ्थे पर्वत पाउमा गरुडका जस्ता पँखेटा फुकी । (१४/५)

उपर्युक्त उदाहरणमध्ये १ को 'राजराजेश्वरी' शब्दमा राज शब्दको आवृत्ति भए पनि अर्थमा भिन्नता छ । उदाहरण २ को 'तर्कवितर्क' शब्दमा 'तर्क' समान वर्ण समूहको आवृत्ति भए पनि अर्थमा भिन्नता छ । त्यसै गरी 'पुरुखा र पौरखी' शब्दमा 'प र ख' वर्णहरूको आवृत्ति भए पनि अर्थमा भिन्नता छ । यिनको आवृत्ति औचित्यपूर्ण, सुबोध र प्रसाद गुणले युक्त एवम् श्रुतिमधुर भएकाले यमक वर्णविन्यास वक्रताको सृजना भएको देखिन्छ ।

## निष्कर्ष

कवि माधवप्रसाद घिमिरेको 'राजेश्वरी' खण्डकाव्य नेपालको राजनैतिक इतिहासमा आधारित काव्य हो । यस काव्यमा तत्कालीन राजा रणबहादुर शाहकी जेठी महारानी राजेश्वरीको जीवनको चरित्र चित्रण गरिएको छ । यसमा उनले भोग्नुपरेका निर्वासित जीवन र २५ वर्षकै कलिलो उमेरमा सती जान बाध्य हुनु परेको विवशताको वर्णन गरिएको छ । यो लघु आयामको काव्य हो । यस काव्यमा कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तका छ भेद मध्ये पहिलो भेद वर्णविन्यास वक्रताको प्रयोग के कस्तो रूपमा पाइन्छ भनी अध्ययन गरिएको छ । वर्णविन्यास वक्रता काव्यका आधारभूत तत्त्व वर्णहरूको कलात्मक प्रयोगसँग सम्बन्धित रहेको छ । वर्णहरूको आवृत्तिबाट उत्पन्न हुने अनुप्रासीय लयसौन्दर्य नै वर्णविन्यास वक्रता हो र यसका पनि एक वर्ण, द्विवर्ण, बहुवर्ण, वर्गान्तयोगस्पर्शी तलनादि, रकारादि र यमक गरी सात भेद रहेका छन् । प्रस्तुत 'राजेश्वरी' काव्यमा उपर्युक्त वर्णविन्यास वक्रताका सबै भेदहरूको प्रयोग कमबेसी मात्रामा भएको नै पाइन्छ । एक वर्ण, द्विवर्ण र बहुवर्ण वक्रतामध्ये सबैभन्दा बढी एक वर्णविन्यास वक्रताको प्रयोग उक्त काव्यमा पाइन्छ । वर्गान्तयोगीस्पर्शका कवर्ग, चवर्ग र तवर्गका वर्णहरूको मात्र पञ्चम वर्णसँग संयुक्त भई वक्रता सिर्जना गरिएको पाइन्छ । तलनादि वक्रतामा न वर्णको द्वित्व भई वर्णविन्यास वक्रता सिर्जना भएको पाइन्छ । काव्यमा वर्णविन्यास वक्रताको सिर्जना गरी माधुर्य, प्रासाद गुणका साथै यमक तथा अनुप्रास जस्ता अलङ्कारहरू तथा लयसौन्दर्यको उत्पत्ति हुन गएको देखिन्छ । समग्रमा वर्णविन्यास वक्रताका दृष्टिले 'राजेश्वरी' खण्डकाव्य उत्कृष्ट नै रहेको पाइन्छ ।

## सन्दर्भ-सामग्री


अवस्थी, महादेव (२०५५). "वर्णविन्यास वक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग". *गरिमा.* १६:१२, पृ. ५०-५६ ।

कुन्तक (सन् १९९५). *हिन्दी वक्रोक्तिजीवित.* नगेन्द्र (सम्पा.). दिल्ली : दिल्ली विश्वविद्यालय ।

घिमिरे, माधवप्रसाद (२०७४). *राजेश्वरी.* ललितपुर : साझा प्रकाशन ।

शर्मा, ऋषिराम (२०७४). *"भैरव अर्यालका निबन्धमा वर्णविन्यासवक्रता".* अप्रकाशित दशर्नाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।